# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, फागुन ५ गते २०४३ साल ( अतिरिक्ताङ्क ४५ (क)

## भाग ३

श्री ५ को सरकार

### पंचायत तथा स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर पञ्चायत ऐन, २०१९ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी निम्नलिखित चार थप नगर पञ्चायत गठन गरेको छ :–

१. नुवाकोट जिल्लामा भैरवी गाउँ पञ्चायतको वडा नं. १, वडा नं. २ का तुर्क चौर सुली भन्ज्याङको पश्चिमी डाँडाको पानी ढलोको भाग, वडा नं. ७, वडा नं. ९, त्रिशूली गाउँ पञ्चायतको सम्पूर्ण भाग, तुपचे गाउँ पञ्चायतको आबुटार, चारघरे र खड्ग भन्ज्याङ गाउँ पञ्चायतको देवीघाट जलविद्युत् प्रोजेक्ट एरिया र विदूर गाउँ पञ्चायतको सम्पूर्ण भागसमेत समावेश गरी अन्दाजी १७,००० जनसंख्या र जम्मा ११ वडाहरू भएको नगर क्षेत्र कायम गरी विदूर नगर पञ्चायत गठन गरेको छ ।

२. सुनसरी जिल्लामा इनरुवा गाउँ पञ्चायतको सम्पूर्ण भाग, मधेसा गाउँ पञ्चायतको वडा नं. ८ वलाहा र डुमराह गाउँ पञ्चायतको कंसमडान सार्वजनिक भागसमेत समावेश गरी अन्दाजी १२,००० जनसंख्या र जम्मा १० वडाहरू भएको नगर क्षेत्र कायम गरी इनरुवा नगर पञ्चायत गठन गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. सर्लाही जिल्लामा मलङ्गवा गाउँ पञ्चायतको सम्पूर्ण भाग समावेश गरी अन्दाजी १०,५०० जनसंख्या र जम्मा ९ वडाहरू भएको नगर क्षेत्र कायम गरी मलङ्गवा नगर पञ्चायत गठन गरेको छ ।

४. काभ्रेपलाञ्चोक जिल्लामा धुलिखेल गाउँ पञ्चायतको सम्पूर्ण भाग, श्रीखण्डपुर गाउँ पञ्चायतको सम्पूर्ण भाग, बज्रयोगिनी गाउँ पञ्चायतको सम्पूर्ण भाग, काभ्रे गाउँ पञ्चायतको देवीस्थान डांडा पानीढलोको उत्तर-पश्चिम पर्ने भाग र आर. टी.ओ. सडकको उत्तर-पश्चिम पर्ने सुब्बा गाउँ पञ्चायतको भागसमेत समावेश गरी अन्दाजी १०,००० जनसंख्या र जम्मा ९ वडाहरू भएको नगर क्षेत्र कायम गरी धुलिखेल नगर पञ्चायत गठन गरेको छ ।

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

684



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।